फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

# विज्ञप्ती

महामारीको रुपमा फैलिएको कोभिड १९को नियन्त्रण र रोकथामका लागि फलेवास नगर कार्यपालिकाले विभिन्न कार्यक्रमहरु नियमित रुपमा संचालन गर्दै आएको छ । समुदाय तहमा कोरोना भाईरस (कोभिड १९) को संक्रमण भए नभएको एकिन गर्न गरिएको परिक्षणमा पोजेटिभ आएका व्यक्ति र कन्ट्राक्टमा रहेका २२ जना व्यक्तिको स्वाव परिक्षणका लागि जनस्वास्थ्य प्रयोगशाला पोखरामा पठाईएकोमा परिक्षण रिपोर्टका अनुसार वडा नं. १ का ५२ वर्षिय पुरुष सहित १९ जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

आज प्राप्त रिर्पोट अनुसार गत हप्ता कुस्मा नगरपालिकामा लिइएको स्वाव परिक्षणमा फलेवास नगरपालिका वडा नं. ५ का वर्ष २१ का पुरुषको पुन जाँच गर्दा रिर्पोट पोजेटिभ आएको र उहाँको कन्ट्राक्टमा रहेका व्यक्तिको स्वाव परिक्षण रिर्पोट अनुसार वडा नं. ५ का २७ वर्षीय १ जना पुरुष र वर्ष ३० का महिला १ जना सहित ३ जनाको रिर्पोट पोजेटिभ आएको हुंदा उहाँहरु आइसोलेशनमा हुनु हुन्छ । उहाँहरुमा कुनै लक्षण नदेखिएको र स्वस्थ्य रहेको अवगत गराउदछौं ।

फलेवास नगरपालिकाको समुदाय तहमा थप संक्रमण फैलिन नदिन नगर कार्यपालिका र मातहतका संरचनाहरु क्रियाशिल रहेका छन । महामारीको यस घडिमा सम्पूर्ण नगरवासीहरुलाई सजग हुन, भौतिक दुरी कायम गर्न, धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न र सरकारले अगाडी सारेका संक्रमण नियन्त्रण एवं रोकथामका उपायहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरवासीहरुमा हार्दिक अपिल गर्दछौं ।

मिति : २०७७ साल मंसिर ७ गते

पदमपाणी शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com